## "के २-२-२ सिद्धान्त"ले महिला शिक्षिकाहरूका लागि ढोका खोल्छ?

**एकदमै फराकिलोरूपमा खोल्छ!** तिमोथीलाई आफ्नो अन्तिम पत्रमा, प्रेरित पावलले सुसमाचार फैलाउनको लागि आफ्नो जोश र आफ्नो गति प्रदर्शन गरे। तिनले तिमोथीलाई कसरी गुणात्मक वृद्धि कसरी गर्ने र कसले गर्न सक्छ भनेर स्पष्ट निर्देशन दिए। किनकि यो सल्लाह २ तिमोथी २:२ बाट आउँछ, हामी यसलाई **२-२-२ सिद्धान्त** भन्छौं:

मुख्य शब्द

**ἄνθρωπος**

एनथ्रोपोस्= human

"धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ।"

बाइबलका धेरै अनुवादकहरूले भन्छन्, "...विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ।" तथापि, पावलले एउटा ग्रीक शब्द प्रयोग गरे जसमा पुरूष र स्त्री दुवैलाई स्पष्ट रूपमा समावेश गरिएको थियो। पहिलो नजरमा, यो पद प्रत्यक्ष रूपमा पुरूष र स्त्री काँधमा काँध मिलाएर परिश्रम गरिरहेको कुरासँग सम्बन्धित नहुन सक्छ। तथापि, पावलले के भन्न सक्थे बिचार गर्नुहोस्। उनले "पुरूष"(अनेर)*(aner)* लाई मात्र विश्वासयोग्य शिक्षकको रूपमा निर्दिष्ट गर्न सक्थे। (अनेर)*(aner)* को प्रयोगले पावलले पुरूष मात्र बाइबल शिक्षक होस् भन्ने उद्देश्य राखेको स्पष्ट रूपमा देखाउँथ्यो। यसको सट्टा, पावलले नपुंसक शब्द गि एन्थ्रोपोस *anthropos* प्रयोग गरे जसको अर्थ मानव वा मानिसहरू हो। यदि पावलले महिलाहरूको लागि ढोका बन्द गर्न चाहेको हो भने, उनले ठूलो अवसर गुमाए! विश्वासीयोग्य र योग्यताप्राप्त मानिसहरू भन्दा... सुरूका श्रोताहरूले स्पष्ट रूपमा यो बुझ्थे कि असल शिक्षा अरूलाई सुम्पिनुपर्छ -अर्थात पुरूष र स्त्रीलाई -जसले यो विश्वासयोग्यरूपमा अरूलाई सुम्पन सक्छ। यस पदले ईश्वरीय स्त्री शिक्षिकाहरूको लागि ढोका खोल्छ!* एफिसीमा झूटा शिक्षकहरू प्रशस्त भएतापनि (पुरूष र स्त्री दुवै), पावलले विश्वासयोग्य मानिसहरूलाई सुसमाचार बढाओस् भन्ने चाहन्थे। (पावलले तिमोथीलाई लेखेको पहिलो पत्रमा झूटा शिक्षकहरूको बारेमा कति पटक उल्लेख गरेका छन् भनेर जान्न एक पृष्ठः के एउटी स्त्रीले ईश्वरीय अख्तियारको साथ सिकाउन सक्छिन्? हेर्नुहोस्।)

त्यसोभए, यो खुला ढोकाको आधारमा सिकाउन को योग्य छ? ईश्वरीय पुरूष र स्त्री। पावलको **२-२-२ सिद्धान्तले** तपाईंलाई प्रेरित गरून्!

### एन्थ्रोपोस *anthropos* शब्दले पावलले थप सुसमाचार फैलाउनेहरू चाहन्थे!

**हाम्रो चार पुस्तामा गुणात्मक बृद्धि**

त्यसोभए, यी ईश्वरीय एन्थ्रोपस (मानिसहरू)ले कसरी सुसमाचार फैलाउनुपर्छ? जब पावलले सबै ईश्वरीय शिक्षकहरू, पुरूष र स्त्री दुवैका लागि ढोका खोलिदिए, उहाँले बहु-पुस्ता योजनाको पनि व्याख्या गरे। २-२-२ मा हामी चार अलग पुस्ता पनि देख्छौं।

- **पहिलो पुस्ता** – पावल आफैले तिमोथीलाई भने "जे कुरा"
- **दोस्रो पुस्ता** –"तिमीले" भनेको तिमोथी हो जसले ती "कुराहरू" "मबाट सुनेका" थिए।
- **तेस्रो पुस्ता** – "सिकाउन सक्ने" "विश्वासयोग्य मानिसहरू" (एनथ्रोपोस्)लाई "सुम्पिएको" हुनुपर्छ, ताकि
- **चौथो पुस्ता** – "अरूहरू" जसलाई ती विश्वासयोग्य मानिसहरूले सिकाउँछन्।

### पुस्ताहरूको गुणात्मक बृद्धि एक पुस्ताले अर्को पुस्तालाई हस्तांतरण गर्दै जाने डीएनए जस्तो देखिन्छ।

## निष्कर्ष:

**२-२-२ सिद्धान्तले सुसमाचारको गुणात्मक बृद्धि बारे पावलको हृदय दखाउँछ। २ तिमोथी २:२ मा, पावलले सबै ईश्वरीय शिक्षक शिक्षिकाहरूलाई बाइबलीय शिक्षाको निम्ति खुला गरिदिए, र उनले सुसमाचारको गुणात्मक बृद्धि बारे योजना बनाए। के तपाईं पावल जस्तो अगुवा हुनुहुन्छ जसले सुसमाचारको गुणात्मक बृद्धि गर्न चाहनुहुन्छ वा सुसमाचार प्रचारकहरूलाई सीमित गर्ने प्रयास गर्न पावललाई प्रयोग गर्नुहुन्छ? पावल जस्तै बनौं।**

* एनथ्रोपोस्बारे अतिरिक्त नोटहरू

एनथ्रोपोस्को अर्थ पुरुष पनि हुन सक्छ, तर ती अवस्थामा यो स्त्री *(gune)* सँग जोडिएको खण्डमा प्रयोग गरिन्छ (हेर्नहोस् मत्ती १९:५, १ कोरिन्थी ७:१, एफिसी ५:३१)। जब *एन्थ्रोपोस* मात्र उल्लेख गर्दा, यसले पत्नी वा स्त्रीको सन्दर्भमा होइन, यसले 'मानव वा व्यक्ति'को मापदण्ड, नपुंसकको अर्थ दिन्छ। २ तिमोथी २:२ स्त्री *(gune)* को बारेमा होइन। त्यसैले यहाँ, एन्थ्रोपोस नपुंसक हो र यसको अर्थ "मानिसहरू" हो।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वरको** चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिसको** बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com